# किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७) किस्पाङ गाउँपालिका, आश्विन महिना १५ गते, २०८० साल संख्याः ४

## भाग २

## किस्पाङ गाउँपालिका

किस्पाङ गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ

**उत्पादनमा आधारीत दुध बिक्रि वितरणमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि२०८०**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०६।०८

प्रमाणिकरण मितिः २०८०/०६/१५

## उत्पादनमा आधारीत दुध बिक्रि वितरणमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि२०८०

**प्रस्तावनाः**किस्पाङ गाउँपालिका क्षेत्रमा पशुपालनको विकासका लागि स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ को २ (ण)अनुसारका कृषकहरुलाई अनुदान उपलब्ध गराई आय आर्जन क्रियाकलाप गरी व्यवसायिक उत्पादनमा आधारीत दुध विक्र वितरणमा अनुदान प्रोत्साहन गर्ने प्रयोजनको लागिगाउँ सभाले स्वीकृत गरेकोवार्षिक कार्यक्रम कार्यान्वयन गर्न वान्छनिय भएकाले “ उत्पादनमा आधारीत दुध बिक्रि वितरणमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि२०८०” स्वीकृत गरी लागु गरिएको छ ।

### परिच्छेद — १

### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम “उत्पादनमा आधारीत दुध बिक्रि वितरणमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि२०८०” रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागु हुनेछ ।

**२) परिभाषाः**

क) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका, काहुले,नुवाकोटलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका " भन्नाले किस्पाङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) "अनुदान" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत कृषकलाई दिईने अनुदान रकम वा सामाग्री सम्झनु पर्दछ ।

घ) " कार्यक्रम" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत उत्पादनमा आधारीत दुध बिक्रि वितरणमा अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

ङ) "कृषक" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न कृषक सम्झनु पर्दछ ।

च) "कृषि फर्म" भन्नाले गाउँपालिका वा कुनै सरकारी निकायमा दर्ता भएको कृषि फार्म सम्झनु पर्दछ ।

छ) "आवेदक" भन्नाले कार्यक्रम संचालन गर्न निवेदन दिने कृषक वा फर्म समूह/निजी/सहकारी/ फर्म सम्झनु पर्छ ।

ज) "प्रस्ताव "भन्नाले कृषकसहकारीले कार्यक्रम संचालनको लागि आवेदन साथ पेश ,फर्म , गरेको व्यवसायीक कार्ययोजना सम्झनु पर्छ ।

झ) "दुग्ध संकलन केन्द्र" भन्नाले सम्बन्धित निकायमा दर्ता भई दुग्ध उत्पादक कृषकहरु संग दुध संकलन सम्बन्धि कार्य गरि रहेको संस्था तथा फम लाई सम्झनु पर्दछ । साथै सो सब्दले दैनिक कम्तिमा ५० लि. दुध उत्पादन गरी औपचारिक बजारमा दुध विक्रि वितरण गरी दर्तावाला निजि फमलाई समेत जनाउदछ ।

**३) उद्देश्यः यस कार्य विधिको देहाय बमोजिमका उद्देश्यहरु हुनेछन ।**

(क) प्रोत्साहन वितरण नीतिलाई प्रकृयामूखीबाट परिणाममूखीतर्फ लैजाने ।

(ख) दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो बनाउने ।

(ग) युवाहरुलाई रोजगारी सृजना गर्ने ।

(घ) कृषकहरुलाई व्यवसायिक विकासमा प्रोत्साहित गर्ने ।

(ङ) प्रोत्साहन रकमको सही, दक्ष र प्रभावकारी रुपमा  वितरण, उपयोग र सदुपयोग गर्ने ।

(च) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने ।

(छ) गाउँपालिकाको प्रतिवद्धता अनुरुप दुधमा आत्मनिर्भरको लक्ष्य पुरा गर्ने सहयोग गर्ने ।

## परिच्छेद — २

## कार्यक्रम सँचालन प्रक्रिया

४) प्रस्ताव आह्वानः दुग्ध उत्पादक सहकारी संस्था तथा दुग्ध संकलन केन्द्रहरुबाट प्रस्ताव पेश गर्न पन्ध्र/तीस दिने म्याद दिई गाउँपालिकाले ले अनुसूची  बमोजिम १ -सूचना प्रकाशन गर्नु पर्नेछ ।

५) प्रस्ताव दर्ताः  अनुसूची -२  निवेदन  यस गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

६) अनुसुचि ३ बमोजिमको दुग्ध उत्पादक सहकारी संस्था / दुग्ध संकलन केन्द्रले दिने स्वघोषणा पत्र/ यस कार्यक्रमको हालको अवस्था, कार्यक्रमको औचित्य, संचालन गरीने क्रियाकलापहरु क्षमता , रोजगार दिन सक्ने क्षमता, दुध उत्पादनमा  भुमिका, कार्यक्रम कार्यान्वयन कार्य योजना, अपेक्षित उपलव्धी समेत उल्लेख गरी प्रस्ताव गाउँपालिका पशु विकास शाखामा पेश गर्नुपर्नेछ ।

७) सहकारी वा फार्मबाट पेश भएको प्रस्तावहरु मध्य पशु विकास शाखाले मुल्यांकन गरी उत्कृष्ट कार्यक्रमको प्रस्ताव स्वीकृतीको लागी आर्थिक विकास समिति/ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

८) आर्थिक विकास समिति/गाउँ कार्यपालिकाले पशु विकास शाखाबाट पेश गरेको कार्यक्रमको प्रस्ताव जस्ताको तस्तै वा सँसोधन सहित आर्थिक विकास समिति/ कार्यपालिकाबाट प्रस्ताव स्विकृत गर्न सक्नेछ ।

९) आर्थिक विकास समिति /कार्यपालिकाबाट प्रस्ताव स्विकृत भएपछी सम्बन्धीत सहकारी वा फर्मलाई जानकारी दिनु पर्नेछ ।

१०) कार्यपालिकाले कार्यक्रमको प्रस्ताव स्विकृत गरेपछी सहकारी वा फर्म सँग अनुसुचि ४ बमोजिम सम्झौता गर्नु पर्नेछ ।सम्झौता अनुसार कार्यक्रमको पशु विकास शाखा सँग समन्वय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद- ३
## आर्थिक पक्ष

११)प्रोत्साहन रकम सम्बन्धित सहकारी/फर्म को बैंक खातामा पठाइने छ र उक्त सहकारी /फर्म ले दुध विक्री गर्ने कृषकहरुलाई निजहरुको बैंक खाता मार्फत प्रोत्साहन रकम उपलब्ध गराउने

१२)विनियोजित बजेटको अधीनमा रही प्रोत्साहन रकम प्रति लिटर बढीमा रु.२ दुई को दरले उपलब्ध गराईने छ ।

१३) तत् पश्चात कार्यक्रमको प्रभावकारिताका आधारमा आवश्यकता अनुसार कार्यक्रमलाई निरन्तरता दिन सकिने छ ।

१४) कार्यक्रम सम्पन्न भए पश्चात अनुगमन गरी सम्झौता अनुसार रकम आवश्यक कागजात र विल भरपाईका आधारमा सहकारी/फम लाई बैक खातामा मार्फत भुक्तानि हुनेछ ।उक्त सहकारी/फमले आफ्नो खातामा रकम प्राप्त भए पश्चात कृषकहरुको खातामा ७ दिन भित्र बैक मार्फत भुक्तानी गरी बैंक स्टेटमेन्ट र अन्य आवश्यक विवरण उपलब्ध गराउनुपर्ने छ ।

१५) यस कार्यक्रमको लेखा,लेखाङ्कन,लेखा परिक्षण तथा आर्थिक कारोवार सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियम अनुसार हुनेछ ।

## **परिच्छेद ४ मापदण्ड**

१६) मापदण्डका आधारहरुः (१) दुग्ध उत्पादक सहकारी / फर्म ले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः-

१ प्रस्तावक संस्थाले मासिक कम्तीमा १५०० लिटर दुध संकलन गर्ने गरेको हुनु पर्नेछ ।

२ प्रस्तावक संस्थाले सूचना प्रकाशन भएको मितिमा सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्ने छ। कम्तीमा १०० दिनसम्म दुधको कारोवार गर्ने गरेको हुनु पर्नेछ ।

३ प्रस्तावक संस्थाले दैनिक संकलित दुध आफैले प्रशोधन गरी वा अन्य उद्योगलाई विक्री वितरण गरी दुध र दुग्ध जन्य पदार्थहरुको बेचबिखनको प्रबन्ध गरेको हुनु पर्नेछ । साथै दुध खरिदकर्ताको संस्था दर्ता, नविकरण, करचुक्ता प्रमाणपत्र, लेखा परीक्षणको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

४ नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्नेछ । स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

५ सहकारी/फमले दुधको रेकर्ड तथा कार्यालयलाइ आवश्यक पर्ने कागजातहरु मासिक रुपमा उपलब्ध गराउनुपर्ने छ ।

१७)कारबाहीको व्यवस्थाः यस कार्यक्रम अन्तर्गत प्रोत्साहन रकम प्राप्त गर्ने सहकारी /फम ले सोही आर्थिक वर्षमा अन्य सरकारी निकायबाट समान प्रकृतिको प्रोत्साहन प्राप्त गरेको पाइएमा सरकारी बाँकी बक्यौता सरह असुलउपर गरिनेछ ।

१८) संशोधनः यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अडचन आएमा कार्यपालिकाले फुकाउने छ ।

## परिच्छेद — ५

## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

### १०) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

(क) उत्पादनमा आधारीत दुध विक्र वितरणमा कार्यक्रमको अनुगमन मुल्याङ्कन गाउँपालिका पालिका/पशु विकास शाखा, सम्वन्धित वडाको वडा अनुगमन समिति, गाउँपालका स्तरीय अनुगमन समिति र गाउँ कार्यपालिकाबाट गर्न सकिनेछ ।

(ख) कार्यक्रमको प्रगति प्रतिवेदन पशु विकास शाखाले माग गरेमा उपलब्ध गराउनु पर्नेछ ।

(ग) कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँपालिकाको पशु विकास शाखामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद — ६

## विविधः

**११) संसोधन र खारेजः** कार्यालयले आवश्यक्ता अनुसार यस कार्यविधी संसोधन र खारेज गर्न सक्नेछ ।

**१२)प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु यसै कार्यविधी र उल्लेख नगरिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र प्रचलित ऐन, नियम, कानुनहरुसँग बाझिएमा बाझिएको हकमा प्रचलित ऐन, नियम, कानून बमोजिमनै हुनेछ ।

अनुसुची - १

(परिच्छेद २दफा ४ सँग सम्बन्धित )

दुग्ध उत्पादक सहकारी संस्था तथा दुग्ध संकलन केन्द्रका लागि प्रस्ताव आव्हानको ढाँचा प्रथम पटक प्रकाशित मितिः

किस्पाङ गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा परिच्छेदद ४ को दफा १६ बमोजिम मापदण्ड पूरा गरेका र दुग्ध उत्पादक कृषकहरुलाई बैंक खाता मार्फत भुक्तानी दिन सक्ने इच्छुक दुग्ध उत्पादक सहकारी संस्था तथा दुग्ध संकलन केन्द्रले सहभागी भई तहाँ संस्थामा नियमित रुपमा दुध बिक्रि वितरण गरिरहेका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई अनुदानमा सहभागी गराउन यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र/तिस दिनभित्र किस्पाङ गाउँपालिका कार्यालय/वडा कार्यालयमा अनुसूची  -२ बमोजिम आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि किस्पाङ गाउँपालिका/पशुसेवा शाखामा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ ।

किस्पाङ गाउँपालिका

अनुसुची - ३

(परिच्छेद २दफा ५ सँग सम्बन्धित)

दुग्ध उत्पादक सहकारी संस्था / दुग्ध संकलन केन्द्रले दिने आवेदन-पत्रको ढाँचा

मितिः.............

किस्पाङ गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय

काहुलेनुवाकोट , ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा मिति................मा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादक सहकारी संकलन केन्द्र/ दुग्ध संकलन फम को दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौं ।

तपसिलः

(१) कूल सदस्य संख्याः

(२) कुल सदस्य मध्ये दुध उत्पादक सदस्य संख्याः

(३)गत वर्ष कूल दुध संकलन लि.... ( औषत दैनिक लि....... मासिक लि. र वार्षिक... लि. )

(४) गत वर्ष दुध कारोवार गरेको दिन अंकमा........ अक्षरमा.......

(५) गत वर्ष कूल अधिकतम दुध संकलन .........महिना,लि.........

(६) गत वर्ष कूल न्यूनतम दुध संकलन ........महिना,.....लि.

(७) संस्थावाट संकलित दुध बिक्री गरिने संस्था / संस्थान / आयोजना आदीको नाम र ठेगानाः

(क)

(ख)

(ग)

(घ)

(ङ)

(८) दुध बिक्री गरेको कागजात तथा कृषकबाट खरिद,भुक्तानी गरेको भर्पाइ (संलग्न गर्नुपर्ने)

(९) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण ( प्रतिलिपि संलग्न गर्नुपर्ने)

(१०) जम्मा संकलन केन्द्र संख्याः-

| क्र.स. | संकलन केन्द्रको नाम र ठेगाना | वार्षिक दुध संकलन परिमाण (लि. ) |
|---|---|---|
| १ | | |

| | | |
|---|---|---|
| २ | | |
| | जम्मा | |

(११-ःनभएको/रेकर्ड राख कम्प्यूटरको प्रयोग भएको (

(१२) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राखी / जानकारी दिने गरेको/नगरेकोः-

(१३) मिल्क एनालाईजरको प्रयोग भएको / नभएकोः-

(१४) सम्बन्धित वडाको सिफारिस

(१५) दुध विविधिकरण र विक्री वितरण गरेको/नगरेकोः-

गरेको भएः-

(क) कुन कुन पदार्थ बनाउने गरिन्छ

(ख) दैनिक औषत परिमाण..

(ग) विक्री गर्ने बजार / स्थल

(१६) सहकारी/ दुग्ध संकलन केन्द्र दर्ता प्रमाण ( प्रतिलिपि संलग्न गर्नुपर्ने )

(१७) कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको स्वघोषणा ( संलग्न गर्नुपर्ने )

(१८) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड ( संलग्न गर्नुपर्ने )

(१९) कर चुत्ता प्रमाण पत्र ( प्रतिलिपि संलग्न गर्नुपर्ने)

(२०) दुध विक्रेता सदस्यको बित्तिय / सहकारी संस्थामा रहेको खाताको विवरणः

| क.स | नाम/थर | ठेगाना | बित्तिय सहकारी संस्थाको नाम ठेगाना | खाता नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आवेदकः पदाधिकारीको नाम/थरः

पदः

दस्तखतः

मितिः

सम्पर्क नम्बरः

सहकारी संस्था/ कृषक समूहको नाम र ठेगानाः

संस्थाको छापः

अनुसुची ३

(दफा ५ सँग सम्बन्धित )

दुग्ध उत्पादक सहकारी संस्था / दुग्ध संकलन केन्द्रले दिने स्वघोषणा पत्रको ढाँचा

मितिः............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

किस्पाङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

काहुले नुवकोट

विषयः स्वघोषणा सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति.........मा प्रकाशित सूचना अनुसार यस ...संस्थाले दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेकोमा यस संस्थाले अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको प्रोत्साहन / अनुदान नलिएको स्वघोषणा गर्दछु/गर्दछौं । यदि यस संस्थाले पेश गरेको विवरण तथा कागजातहरु झूठो ठहरिएमा नियम / कानुन बमोजिमको सहुँला / बुझाउँला । सहुँला/बुझाउँला ।

आवेदकः

नाम थरः

हस्ताक्षरः सम्पर्क नम्बरः

मितिः

संस्थाः

ठेगानाः

संस्थाको छापः

किस्पाङ गाउँपालिका

अनुसूची -४

(परिच्छेद २दफा १० सँग सम्बन्धित)

किस्पाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र दुग्ध उत्पादक सहकारी संस्था / दुग्ध संकलन केन्द्र /दुग्ध संकलन फम बीच हने सम्झौताको ढाँचा

किस्पाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र दुग्ध उत्पादक सहकारी संस्था / दुग्ध संकलन केन्द्र (यसपछि दोश्रो पक्ष भनिने) बीच दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

तपसिलः

(१)स्वीकृत भएको परिमाण लिटर .. अनुसार प्रति लिटर रु. .........का दरले अनुदान रकम दोश्रो पक्षलाई प्रथम पक्षले बैंक रु............ (अक्षेरुपी ................)खातामा जम्मा गरी दिनेछ ।

(२) कार्यक्रम सम्पन्न भए पश्चात अनुगमन गरी सम्झौता अनुसार रकम  आवश्यक कागजात र विल भरपाईका आधारमा सहकारी/फम लाई बैंक खातामा मार्फत भुक्तानि हुनेछ ।उक्त सहकारी/फमले आफ्नो खातामा रकम प्राप्त भए पश्चात कृषकहरुको खातामा ७ दिन भित्र बैंक मार्फत भुक्तानी गरी बैंक स्टेटमेन्ट र अन्य आवश्यक विवरण उपलब्ध गराउनुपर्ने छ ।

(३) दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरि रहेको अवस्थाको अखाद्य दुध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने,तोकिए अनुसारको सफा दुधको उत्पादन, ढुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ ।

(४) दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थान सम्म सफा, स्वस्थ्य र गुणस्तर युक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

(५) दोश्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ ।

(६) दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एक तर्फि रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

(७) यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(८) दोश्रो पक्षले पेश गरेका विवरणहरु वास्तविक / सत्य हुनुपर्नेछ । यस "साझेदार संस्थाले पेश गरेको विवरण, प्राप्त गरेको अनुदान रकम सम्बन्धित निकायबाट जांच हुँदा यदि झुट्टा ठहरिएमा दोश्रो पक्षका संचालक समितिका पदाधिकारीहरुबाट प्रचलित कानून बमोजिम असुल उपर गरि

मुलुकी अपराध संहिता, २०७४ बमोजिम ठगीमा कारबाही गर्न प्रथम पक्षले सिफारिस गर्न सक्नेछ ।

(९) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| छापः | छापः |

आज्ञाले
केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका